नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# भरतपुर अस्पताल
## दरभाउपत्र सम्बन्धी सूचना
( प्रकाशित मिति २०७१।०७।१८ )

यस अस्पतालको अप्रेशन थिएटरको लागि आवश्यक OT टेबल दरभाउपत्र को माध्यमबाट खरिद गर्नु पर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट तपशिल वमोजिमको शर्तहरुको अधिनमा रहि रित पूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१) दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ दिन भित्र दरभाउपत्र दस्तुर रु.३१०।- (फिर्ता नहुने) यस अस्पतालको राष्ट्रिय वाणिज्य बैंक भरतपुरमा रहेको चल्ती खाता नं. ९६७ मा जम्मा गरी आ.व. २०७०/०७१ को कर चुक्ता प्रमाण-पत्र सहित नविकरण भएको फर्म दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR download गर्न सकिनेछ ।

२) खरीद भएको दरभाउपत्र सूचना प्रथम पटक प्रकासित भएको मितिले १६ (साह्रौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.**bharatpurhospital.gov.np** को eProcurement System मा गई TOR Upload गर्नुपर्नेछ । दर्ता भएका बोलपत्रको हकमा १६ औ दिनको २:०० बजे यस अस्पतालमा दरभाउपत्र दाताको रोहवरमा खोलिनेछ । दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कायम हुनेछ ।

३) दरभाउपत्र दर्ता गर्दा जमानत वापतको बोलकवोल रकमको ३ प्रतिशतले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३००००० खातामा रकम जम्मा गरेको बैक भौचर वा कम्तिमा ९० दिन म्याद भएको यस अस्पतालको नाममा 'क ' वर्गको बाणिज्य बैंकबाट जारी भएको विड वण्ड upload गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस अस्पतालको नाममा 'क' वर्गको बाणिज्य बैंकबाट जारी भएको कम्तिमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका दरभाउपत्र मूल्यांकन समितिको सिफारीसमा पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्न सकिने छ ।

६) दरभाउपत्र दस्तुर वापतको रकम र नगद धरौटी रकम सम्बन्धित खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्ने छ । टि.टि.गरी पठाइएको भौचरलाई कार्यालयले मान्यता दिने छैन ।

७) दरभाउपत्र दाताले आफुले पेश गरेको दरभाउपत्रमा ठेक्का नं. र सप्लाई गर्न चाहेको सामानको नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
भरतपुर अस्पताल
चितवन

मेडिकल सुपरीटेण्डेण्ट

९) सप्लाई गरिएको सामानको भुक्तानी सामान प्राप्त भएपछि गरिनेछ । सामान खरीदको लागि कुनै अग्रिम पेश्की दिइने छैन भुक्तानी गर्दा नियमानुसार लाग्ने करकट्टी गरी र Installation पश्चात स्पेशिफिकेशन प्रमाणित भई लेखा शाखामा प्राप्त भएपछि गरिनेछ ।

१०) दरभाउपत्र दाताले यस अस्पतालको website मार्फत upload गरेको कागजातहरुको Hardcopy दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ५ दिन भित्र अस्पतालमा पेस गर्नुपर्नेछ अन्यथा मुल्याङ्कनमा समावेस गर्न अस्पताल वाध्य हुने छैन ।

११) संझौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१२) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१३) सप्लायर्सले पार्टस बाहेकको मेन्टेनेन्स न्यूनतम ५ वर्ष सम्म निःशुल्क गर्नुपर्नेछ ।

१४) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

***तपशिल***

| सि.न. | ठे.नं. | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १३।०७१।०७२ | अप्रेशन टेबल (OT Table) | कबोल अंकको ३% | ३१०। |